# दलित सवाल र नेपाली छापा सञ्चारमाध्यम

जेवी विश्वकर्मा

## पृष्ठभूमि

मुलुकको जनसङ्ख्याको २० प्रतिशत भाग ओगट्ने दलितहरू आर्थिक, सामाजिक–सांस्कृतिक, राजनीतिक–प्रशासनिक लगायतका समस्याहरू सदियौँदेखि भोगिरहन बाध्य पारिएका छन् ।[१] नेपाली समाजमा दलितहरू विभिन्न तह र तप्कामा रहेका छन् । दलितहरूलाई वर्णाश्रम व्यवस्थाका आधारमा परम्परागत रूपमा विभिन्न कठिन शारीरिक श्रम गर्ने क्षेत्रमा राज्यले पाऱ्यो । अत्यन्तै शारीरिक श्रम गर्नुपर्ने कठिनतम् कार्य गर्नुपर्ने र ती पेशाहरूलाई उलङ्घन गर्न नपाइनेसमेत बनायो । सामाजिक रूपमा छुवाछूतको भेदभाव गरिने, राजनीतिक, आर्थिक क्षेत्रमा संलग्न हुन नदिनुका साथै राज्यको स्रोत साधनमाथिको अधिकारबाट बञ्चित गरियो । शोषण र उत्पीडनमा परेका दलितहरूको समस्यालाई समाधान गर्नेतर्फ राज्यले कुनै ठोस पहल गर्न सकेको छैन ।

दलितहरूमाथि विभिन्न शोषणमूलक प्रथाहरू जस्तैः बालीप्रथा, खलीप्रथा, हलीप्रथा, हरुवा, चरुवा आदि बनाएर अत्यधिक श्रमशोषण गरिएको छ । त्यसबाहेक जातका आधारमा छुवाछूत, राजनीति तथा प्रशासनिक निकायमा पहुँचको कमी, राज्यको नीति निर्माण गर्ने थलोमा शून्य उपस्थिति, शिक्षाको कमी, स्रोत साधन (भूमि, वनजङ्गल आदि) माथि पहुँचको अभाव जस्ता बहुआयामिक समस्याहरू

[१] २०५८ सालको जनगणनाअनुसार नेपालका दलितहरूको जनसङ्ख्या १३.१ प्रतिशत छ । यो तथ्याङ्क विभिन्न कारणले गलत भएकोले गैरसरकारी संस्थाहरूले दलितहरूको जनसङ्ख्या २१ प्रतिशतको हाराहारीमा रहेको आहुतिले चर्चा गर्नुभएको छ (आहुति सन् २००४) ।

*मिडिया अध्ययन* १: ११५-१४२, २०६३

दलितहरूले भोगिरहनु परेको छ । अथवा दलितहरूका सामाजिक–सांस्कृतिक, आर्थिक र राजनीतिक प्रशासनिक क्षेत्रमा यावत समस्याहरू रहेका छन् । ती समस्यालाई हल नगरिकन नेपाली समाजको विकास हुन सक्दैन (आहुति २०६२) ।

दलितहरूले भोग्दै आएको जातीय आधारमा हुने विभेदको अन्त्य गर्न र दलितहरूले पनि मानवीय रूपमा बाँच्न पाउने नैसर्गिक अधिकार स्थापना गर्नका लागि उनीहरूका मुद्दालाई बहसमा ल्याउने, उनीहरूमाथि भइरहेका अन्याय, अत्याचार, शोषण, दमनहरूलाई आमजनता तथा सम्बन्धित निकायसमक्ष पुऱ्याउन तथा लोकतान्त्रिक समाज निर्माणका लागि आमसञ्चारमाध्यमको ठूलो भूमिका हुन्छ । नेपाली समाजको लोकतन्त्रीकरण तथा पुनर्संरचनाको खाका कोर्ने जमर्को भइरहेको बेला नेपाली आमसञ्चारमाध्यमको पनि पुनर्संरचनाको बहस चलिरहेको छ । नेपाली सञ्चारमाध्यममा राजनीति इतरका विषयहरू जस्तै सामाजिक समस्या, राष्ट्रिय अर्थतन्त्र, खेलकुद, महिला, बालबालिका, स्वास्थ्य, शिक्षा, दलित, जनजाति आदि विषयमा सामग्रीहरू बिस्तारै बढ्दैछन् ।

सञ्चारमाध्यम समाज रूपान्तरणको बलियो माध्यम हो । तर दलितको उपस्थिति नेपाली सञ्चारमाध्यममा नगण्य नै छ । पत्रकारिताका हरेक तहमा दलित समुदायको सहभागिता हुन सकेमा आम रूपमा पिछडिएका दलितहरूको समस्या, पीडा, उन्मुक्तिका चाहनाहरू सकारात्मक रूपमा बाहिर आउन सक्छन् । एकातिर यसले दलितहरूलाई सङ्गठित, आन्दोलित र सचेत हुन प्रेरित गर्छ भने अर्कातिर राज्य, राज्य सञ्चालनका संयन्त्र, नीति निर्माण तथा लागू गराउने निकायहरूमा पनि प्रभाव पार्न सक्छ । न्यायपूर्ण र समावेशी सामाजिक वातावरण निर्माणका लागि महत्त्वपूर्ण सहयोग पुऱ्याउँछ । त्यसैले पनि दलितका मुद्दा सञ्चारमाध्यममा आउन जरुरी छ (पहाडी २०६३) ।

नेपाली छापा सञ्चारमाध्यममा नेपाली दलित जातीय सवाललाई सम्बोधन गर्न थालिएको धेरै भएको छैन । नेपालमा माओवादी सशस्त्र द्वन्द्व सुरु भएपछि यसका कारणका विषयमा केही बहसहरू हुन थाल्यो । नेपाली समाजमा रहेको जातीय विभेद तथा छुवाछूत पनि सशस्त्र द्वन्द्वको कारणको रूपमा रहेको कुरा राजनीतिक दल, नागरिक समाजले पनि बुझ्दै आए । नेपालमा द्वन्द्वका कारक तत्त्वहरू सामाजिक तहमा निकै रहेछन् भन्ने कुराको बुझाइ सँगसँगै मिडियाहरूले पनि त्यसतर्फ आफ्नो ध्यान केन्द्रित गरेको पाइन्छ । द्वन्द्वको कारक तत्त्व सामाजिक रूपमा हुने जातीय शोषण, छुवाछूत, विभेद, स्रोत साधनमाथि पहुँचको कमी आदि पनि हुन् भन्ने कुरामा नेपाली मिडिया पनि सहमत देखिन्छ । आम रूपमा दलितहरूका सवाल जानकारी गराउन विचार विमर्श गरी मुक्तिको मार्ग

प्रशस्त गर्न र सम्बन्धित पक्षलाई विषयवस्तुको गाम्भीर्य बोध गराउन सञ्चारमाध्यममा दलितका मुद्दाहरू आउनु जरुरी छ ।

यस लेखमा नेपाली छापा र दलितको विषयमा केही तथ्याङ्क र विश्लेषणहरू उल्लेख गरिएका छन् । उक्त समुदायको विकास र उत्थानका दिशामा नेपाली छापा माध्यमको प्रयास, अभ्यास, महत्त्व, भूमिका आदिबारे यहाँ अध्ययन गरिएको छ । नेपाली समाजमा दबिएर रहेका आम उत्पीडित दलित समुदाय र नेपाली छापा सञ्चारमाध्यमका विषयमा गहन रूपले बहस होस् भनेर यो अध्ययन गरिएको हो । दलितका मुद्दालाई प्रभावकारी ढङ्गले सम्बोधन गर्नका लागि प्रभावकारी प्रयासहरूको थालनी नेपाली मिडिया तथा दलित सङ्घसंस्था दुवैले गर्न नसकिरहेको विद्यमान परिस्थितिमा यो अध्ययनले छापा सञ्चारमाध्यममा दलितको चित्रणबारे जानकारी प्रस्तुत गरी त्यसतर्फ घच्घच्याउने छ भन्ने आशा पनि गरिएको छ ।

## अध्ययन विधि

यो अध्ययनमा जागरण मिडिया सेन्टरले छापामा दलितका विषयबारे तयार पारेको चारओटा सञ्चार निगरानी प्रतिवेदनमा उल्लिखित तथ्याङ्कलाई मूल आधार बनाइएको छ । नेपाली छापा सञ्चारमाध्यम र दलित सवालमा अध्ययन गर्नका लागि जागरण मिडिया सेन्टरको अध्ययनमा काठमाडौँबाट प्रकाशित नौओटा दैनिक र काठमाडौँबाटै प्रकाशित १४ ओटा साप्ताहिक पत्रिकाहरू समावेश गरिएको छ ।[२] यस लेखलाई भने दैनिक पत्रिकामा मात्र केन्द्रित गरिएको छ । अध्ययनका क्रममा २०६३ सालमा प्रकाशित दैनिक पत्रिकाहरूमा आएका दलितसम्बन्धी समाचार पनि सरसर्ती हेरिएको छ । आवश्यक स्थानमा कतिपय समाचारलाई उद्धृत पनि गरिएको छ । उक्त अवधिमा प्रकाशित दलित सवालका लेख, सम्पादकीय, पाठक प्रतिक्रियाको पनि यसमा विश्लेषणात्मक अध्ययन छ । विभिन्न पुस्तकहरूमा यसभन्दा अगाडि दलित र मिडियालाई ध्यानमा राखि गरिएका खोज अन्वेषणलाई पनि विश्लेषणका क्रममा उपयोग गरिएको छ । साथै

---

२ जागरण मिडिया सेन्टरले प्रत्येक छ/छ महिनामा दलितबारे सञ्चार निगरानी गरी प्रतिवेदन तयार पार्ने गर्छ । यो अध्ययन मूलतः सेन्टरको वि.सं. २०६१ र २०६२ सालको प्रतिवेदनमा आधारित छ । सेन्टरले निगरानी गर्ने पत्रपत्रिकामध्ये दैनिकमा *गोरखापत्र, कान्तिपुर, राजधानी, अन्नपूर्ण पोष्ट, नेपाल समाचारपत्र, हिमालय टाइम्स, द काठमाण्डु पोस्ट, द राइजिङ नेपाल* र *द हिमालयन टाइम्स* गरी नौओटा छन् । साप्ताहिक पत्रपत्रिकाहरूमा चाहिँ *जनएकता, राष्ट्रिय समता, साप्ताहिक आवाज, हाँक, बुधबार, जनआस्था, छलफल, दृष्टि, देशान्तर, विमर्श, कान्तिपुर साप्ताहिक, जनधारणा, साँघु र तरुण* छन् ।

मिडिया क्षेत्रमा क्रियाशील पत्रकार, सम्पादक तथा विश्लेषकहरूसँगको कुराकानी र उनीहरूका प्रकाशित/प्रसारित सामग्रीहरूको अध्ययनसमेत गरिएको छ ।

यस अध्ययनमा नेपालका आम दलित सवाललाई नेपाली छापा सञ्चारमाध्यमले अहिलेसम्म कसरी प्रकाशन गर्दै आइरहेको छ ? समाचारको प्रकृति कस्तो छ ? दलित सवाल छापामा आएपछि आम समाजमा कस्तो असर पार्न सक्छ ? अझ के गरेमा दलितका वास्तविक सवाल आम पाठक समक्ष जान सक्छन् ? भन्ने विषयहरू यस अध्ययनमा समेट्ने कोसिस गरिएको छ । अध्ययन र विश्लेषणलाई सरल बनाउनका निम्ति विभिन्न खण्ड र उपखण्डमा लेखलाई विभाजन गरिएको छ । दैनिक पत्रिकाहरूमा प्रकाशित समाचारको प्रकृतिबारे पहिलो खण्डमा चर्चा गरिएको छ । दोस्रो खण्डमा नेपाली छापामा दलित सवालमा के कस्ता लेख प्रकाशित भए भन्नेबारे चर्चा गरिएको छ । तेस्रो खण्ड प्रकाशित सम्पादकीयको अवस्थासम्बन्धी हो भने चौथो खण्डमा पाठक प्रतिक्रियालाई विवेचना गरिएको छ । पाँचौँ खण्डमा दलित सवाल नेपाली छापा सञ्चारमाध्यममा किन प्रभावकारी ढङ्गबाट आउन सकिरहेको छैन ? भन्ने विषयमा विभिन्न उपशीर्षकसहित विश्लेषण गरिएको छ । यसअन्तर्गत सञ्चारमाध्यममा दलित प्रतिनिधित्वको कमी, राज्य व्यवस्थाको सामन्ती चरित्र तथा दलित सङ्घसंस्थाको कमजोर भूमिका आदिले गर्दा दलितका मुद्दालाई प्रभावित पारिरहेको विश्लेषण छ । र, अन्तमा समग्र अध्ययनको निष्कर्ष छ ।

## दलित सवालमा प्रकाशित समाचारको प्रकृति

दलित सवालमा दैनिक पत्रिकाहरूले छापेका समाचारहरू सङ्ख्यात्मक वा गुणात्मक दुवै दृष्टिले कमजोर छन् भन्ने केही आधारहरू छन् । तालिका १ ले नौओटा दैनिक पत्रिकाले दुई वर्षको अवधिमा दलितबारे छापेका जम्मा समाचार को सङ्ख्या ४ हजार ३ सय ६१ मात्रै भएको देखाउँछ ।

नौओटा दैनिक पत्रिकाहरूमा २०६१ सालभरिमा दुई हजार चार सय ७१ ओटा र २०६२ सालभरिमा एक हजार आठ सय ९० ओटा मात्रै दलितसम्बन्धी समाचार सामग्री प्रकाशन गरेछन् ।[३] दलितसम्बन्धी समाचारको प्रकाशन

---

[३] जागरण मिडिया सेन्टरको प्रतिवेदन (जागरण मिडिया सेन्टर २०६१क) मा २०६१ सालको गणनामा *स्पेसटाइम* दैनिकलाई पनि समावेश गरिएको छैन । उक्त पत्रिका २०६१ भदौ १६ पछि बन्द भएको हुनाले यहाँ समावेश नगरिएको हो । बन्द हुनु अघिसम्म २०६१ सालमा यस दैनिकले दलितसम्बन्धी जम्मा ९२ ओटा समाचार प्रकाशन गरेको थियो ।

तुलनात्मक हिसाबले पछिल्लो वर्षमा घटेको देखिन्छ । तर, जागरण मिडिया सेन्टरकै २०६१ सालअघिका सञ्चार निगरानीको तथ्याङ्कले हरेक वर्ष दलितसम्बन्धी समाचारको सङ्ख्या समग्रमा बढ्दै गएको देखाएका छन् । २०६१ सालमा समेत पहिलो छ महिनाको आँकडाभन्दा पछिल्लो छ महिनाको आँकडा बढेको पाइन्छ । २०६२ सालमा मात्र यो सङ्ख्या घट्न पुगेको छ । २०६१ माघ १९ मा प्रेसले राज्यतर्फ खेप्नु परेको सेन्सरसीप र ज्यादतीको प्रत्यक्ष असर दलितसम्बन्धी सामग्री सम्प्रेषणमा पर्न पुगेको अनुमान गर्न सकिन्छ । त्यस्तै, दलित सवाल लगायतका अन्य आन्दोलनका कार्यक्रमहरूमा राज्यतर्फ रोक लगाइनु, गोष्ठी, सेमिनार जस्ता औपचारिक कार्यक्रमहरू गर्नका लागि पनि जिल्ला प्रशासन कार्यालयबाट स्वीकृति लिएर मात्रै सञ्चालन गर्नुपर्ने प्रावधान राखिनु आदि कारणले दलितका गतिविधि पनि यस अवधिमा खुम्चिएका थिए । कठोर सेन्सरसीपका कारण पत्रिकाले पृष्ठसङ्ख्या घटाएका थिए ।

**तालिका १: दैनिक पत्रिकाहरूमा दलितबारे प्रकाशित समाचार विवरण**

| | **समाचारको सङ्ख्या** | | |
|---|---|---|---|
| **पत्रिकाको नाम** | **२०६१** | **२०६२** | **जम्मा** |
| कान्तिपुर | ४५० | ३८१ | ८३१ |
| गोरखापत्र | ४७१ | २७९ | ७५० |
| अन्नपूर्ण पोष्ट | ३०३ | ३१४ | ६१७ |
| नेपाल समाचारपत्र | ३२८ | २८१ | ६०९ |
| राजधानी | ३३७ | २६६ | ६०३ |
| हिमालय टाइम्स | ३८६ | २४२ | ६२८ |
| दि हिमालयन टाइम्स | ८३ | ५९ | १४२ |
| दि राइजिङ नेपाल | ५१ | ४० | ९१ |
| दि काठमाण्डु पोस्ट | ६२ | २८ | ९० |
| **जम्मा** | **२४७१** | **१८९०** | **४३६१** |

स्रोतः जागरण मिडिया सेन्टर (२०६१क, २०६१ख, २०६२क र २०६२ख) ।

तालिका १ लाई हेर्दा अङ्ग्रेजी दैनिकहरूले दलित सवाललाई त्यति प्राथमिकता दिएको पाइँदैन । *कान्तिपुर* दैनिकले अन्यको तुलनामा बढी समाचार सामग्री प्रकाशन गरेको छ तर कान्तिपुर पब्लिकेशन्सअन्तर्गतकै *द काठमाण्डु पोस्ट*मा भने सबैभन्दा कम सामग्री प्रकाशन भएको देखिन्छ । यसबारेमा उक्त दैनिकका सम्पादक प्रतीक प्रधानसँग गरिएको इ-मेल कुराकानीका क्रममा उहाँको भनाइ थियो, “दलित र जातीय सवालको हकमा हाम्रो संस्था ज्यादै संवेदनशील छ ।

कसैलाई पनि जातपातको आधारमा भेदभाव हुनुहुन्न भन्ने हाम्रो स्पष्ट अडान छ । हाम्रो पत्रिकामा सामाजिक-सांस्कृतिक, आर्थिक, राजनीतिक रूपमा पछाडि परेका समुदायलाई सधैँ उच्च स्थान दिइएको छ ।" उहाँको यस भनाइलाई अध्ययनमा देखिएको तथ्याङ्कले पुष्टि गर्न नसके पनि दलित मुद्दामा संवेदनशील हुनुपर्नेमा प्रधान प्रस्ट हुनुहुन्छ । आगामी दिनमा उहाँसम्बद्ध अङ्ग्रेजी दैनिकले पनि दलित सवालमा वैचारिक लेख, सम्पादकीय, समाचार सामग्री आदिलाई प्राथमिकता दिने उहाँको भनाइबाट आशा गर्न सकिन्छ ।

दलितहरूका मुद्दालाई नेपाली छापा सञ्चारमाध्यमले प्रभावकारी ढङ्गबाट ल्याउन समाजप्रति उत्तरदायी र प्रतिबद्ध हुने सम्पादकीय नीति ल्याउनुपर्ने धारणा *समय* राष्ट्रिय साप्ताहिकका सम्पादक युवराज घिमिरेको छ । उहाँ भन्नुहुन्छ, "दलित मुद्दाले न्याय पाउने वातावरण तयार पार्नका लागि विशेष अधिकारकै रूपमा उनीहरूको मिडियामा नेतृत्व तहमा नै हुन जरुरी छ ।" *कान्तिपुर* दैनिकले पछाडि परेका जाति, वर्ग लिङ्गका मुद्दालाई प्राथमिकता दिने नीति नै अवलम्बन गरेको सो दैनिकका समाचार सम्पादक गुणराज लुइँटेल बताउनुहुन्छ (विश्वकर्मा २०६२: ३) । पत्रिकामा दलितका समाचारहरू के कति मात्रामा आए भन्ने कुरा जति महत्त्वपूर्ण छ, त्यति नै ती समाचारहरू विषयवस्तुका हिसाबले कस्तो अवस्थामा छन् भन्ने पनि महत्त्वपूर्ण छ । दैनिक पत्रिकाहरूमा दलितबारे प्रकाशित समाचारका विषयहरू के कसरी र कुन हिसाबले आइरहेका छन् भन्नेबारे यहाँ विभिन्न उपशीर्षकमा चर्चा गरिएको छ ।

### *औपचारिक कार्यक्रम*

दलित सवालका अधिकांश समाचार सामग्रीहरू गोष्ठी, सेमिनार, वार्षिक दिवस आदिजस्ता औपचारिक कार्यक्रमबारेका छन् । २०६१ सालको तथ्याङ्कअनुसार दैनिक पत्रिकामा प्रकाशितमध्ये ४ सय ८० ओटा (१९.५ प्रतिशत) समाचारहरू त औपचारिक कार्यक्रमका मात्रै छन् । त्यस्तै, २०६२ सालमा दलितसम्बन्धी प्रकाशित सामग्रीमध्ये ३ सय ५६ ओटा (१९ प्रतिशत्) समाचार औपचारिक कार्यक्रमसम्बन्धी छन् (जागरण मिडिया सेन्टर २०६१क, २०६१ख, २०६२क र २०६२ख) ।

दलितसम्बन्धी विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय दिवसका अवसरमा हुने कार्यक्रमका समाचारहरू तत्‌तत् दिनको सेराफेरोमा प्रकाशन हुने गरेको पाइन्छ । जस्तैः अन्तर्राष्ट्रिय जातिभेदविरुद्ध दिवस- मार्च २१, मुलुकी ऐन दिवस- भदौ १ जस्ता दिवसहरूमा हुने कार्यक्रमहरू समाचारका रूपमा देखा परेका छन् । यो

कुरा प्रायः लेखको हकमा पनि लागू हुन्छ । जस्तो २१ मार्चका अवसरमा *अन्नपूर्ण पोष्ट* दैनिकले 'जातीय विभेद उन्मूलनको सन्दर्भ' शीर्षकमा पद्मलाल विश्वकर्माको लेख प्रकाशन गरेको छ (पद्मलाल विश्वकर्मा २०६२) ।

विभिन्न सरकारी तथा गैरसरकारी संस्थाहरूले गरेका औपचारिक कार्यक्रमबारेका समाचार पत्रिकामा धेरै छन् । ती समाचारहरू खोजमूलक नभई कार्यक्रममा कसले के कुरा भने भन्ने खालका छन् । साथै सामाजिक जनचेतनाका क्षेत्रमा भइरहेका कार्यक्रमहरूका कारण समाजमा देखा परेको परिवर्तन, कस्ता कार्यक्रमहरू जातीय विभेद र छुवाछूत अन्त्यका लागि प्रभावकारी हुन्छन् भन्ने सवालमा समाचारहरू आउन सके त्यसले अन्य क्षेत्रमा पनि जनचेतनायुक्त कार्यक्रमहरू गर्नको लागि उत्साह थपिदिन सक्छ । गोष्ठी, सेमिनार लगायतका ठाउँमा घोषणा भएका कार्ययोजना तथा प्रतिबद्धता जाहेर गरिएका कुराहरूको कार्यान्वयन तथा प्रकाशित दलित सवालका घटनाहरूको 'फलो अप' समाचारहरू अत्यन्तै थोरै मात्र प्रकाशन भएका पाइन्छन् ।[४] यसबारे मिडिया अनुसन्धानकर्ता शेखर पराजुली भन्नुहुन्छ, "हाम्रो सञ्चारमाध्यममा फलो अप नगर्ने त परम्परागत रोग नै हो । दलितहरूका मुद्दामा पनि फलोअप गर्ने र सत्यतथ्य जानकारी जनतासमक्ष पुऱ्याउने भूमिका मिडियाले निभाउनु पर्छ" (विश्वकर्मा २०६२: २ मा उद्धृत) । पत्रपत्रिकाहरू खासखास राजनीतिक घटना वा मुद्दाहरूमा मूल रूपमा 'फलोअप' हुने गरेको र दलितहरूको मुद्दामा पनि त्यस्ता फलोअप हुनुपर्ने धारणा *कान्तिपुर* दैनिकका समाचार सम्पादक गुणराज लुइँटेलको छ (विश्वकर्मा २०६२: ३) ।

## *दलित र शिक्षा*

औपचारिक कार्यक्रमका समाचारपछि शिक्षा र दलित सवालका समाचारहरू धेरै प्रकाशन हुने गरेको पाइन्छ । २०६२ सालभरिको तथ्याङ्क अध्ययन गर्दा दलितसम्बन्धी प्रकाशित जम्मा सामग्रीको करीब १४ प्रतिशत समाचारहरू शिक्षासम्बन्धी छन् । आर्थिक अभावका कारण दलितहरूले बीचैमा अध्ययन छोड्नुपरेको, दलित छात्रछात्रालाई दिइने छात्रवृत्ति रकम हिनामिना भएको, विद्यालयमा शिक्षकले नै दलितमाथि विभेद गरेको जस्ता विषयले पत्रिकामा ठाउँ पाएका छन् । सबैका लागि शिक्षा कार्यक्रमअन्तर्गत वितरण गरिने छात्रवृत्ति रकम अनियमितता गरेको

---

४ यस विषयमा जागरण मिडिया सेन्टरद्वारा तयार पारिएको सञ्चार निगरानी २०६२ का प्रतिवेदनहरू (जागरण मिडिया सेन्टर २०६२क र २०६२ख) मा विस्तृत चर्चा गरिएको छ ।

समाचार *राजधानी* दैनिकले प्रकाशन गरेको छ। जिल्ला शिक्षा कार्यालय सप्तरीबाट १ सय ३९ जना विद्यार्थीलाई उपलब्ध गराइएको छात्रवृत्ति ८४ जनालाई मात्र वितरण गरेको र तीमध्ये पनि ३८ जना सम्पन्न र गैरदलितलाई प्रधानाध्यापक शिवचरण सिंहले वितरण गरेको समाचारमा उल्लेख छ। यस किसिमको सुविधाबाट दलित र विपन्न थुप्रै विद्यार्थीहरू वञ्चित रहेको पनि यस समाचारमा जनाइएको छ। साथै सेतु सामुदायिक विकास मञ्चका अध्यक्ष जङ्गबहादुर सिंहले जिल्ला शिक्षा कार्यालयमा उजुरी दिएको समाचार *राजधानी*ले २०६२ साउन ७ गते प्रकाशन गरेको छ (राजधानी २०६२क)।

विद्यालयमा पनि छुवाछूतको संस्कार रहेको नुवाकोट बुधसिंको समाचार दैनिक पत्रिकाहरूले छापेका छन्। अधिकांश विद्यार्थी दलित भए पनि स्थानीय अन्नपूर्ण प्राथमिक विद्यालयमा जातीय छुवाछूतकै कारण विभेद भइरहेको समाचार २०६२ फागुन २६ मा *अन्नपूर्ण पोष्ट* दैनिकमा प्रकाशित छ (अन्नपूर्ण पोष्ट २०६२क)। सुनसरी जिल्लाको दस सामुदायिक विद्यालयमा दलित महिलालाई नियुक्त गर्नुपर्नेमा गैरदलितहरूलाई ती कोटामा राखिएको समाचार फागुनमा प्रकाशन भएको छ। यसरी गैरदलित नियुक्त गरिएका विद्यालयहरूमा पञ्चकन्या निमावि धरान, ज्ञानोदय प्रावि, सहिद स्मारक प्रावि, श्रीकृष्ण मावि, रामजानकी मावि, जनता मावि, भगवती निमावि र सिद्धार्थ प्रावि रहेको *राजधानी* दैनिकमा २०६२ फागुन ६ मा प्रकाशित छ (राजधानी २०६२ख)। यससम्बन्धी समाचारमा किन त्यसरी नियुक्त गरियो, अबको कारबाही के हुनसक्छ भन्ने जस्ता सवाल अपूर्ण रहेको देखिन्छ।

यीमध्ये केही समाचारहरू सफलता र उत्साहका विषयबारे पनि छन्। उदाहरणका लागि, पाल्पा जिल्लाको पोखराथोक गाविस ८ र ९ नं वडाका दलित र भूमिहीन ४० घरका ९५ बालबालिकाका लागि चन्दा उठाएर बालकक्षा सञ्चालन गरिएको खबरलाई लिन सकिन्छ। आर्थिक अभावका कारण विद्यालय जान नपाइरहेको अवस्थामा स्थानीय रेडियो सँगी समूहका बालबालिकाले आपसमा मासिक १० रूपियाँ उठाई ६ महिने बालकक्षा सञ्चालन गरिएको समाचारमा उल्लेख छ (कान्तिपुर २०६२क)।

यसरी दलित र शिक्षाका विभिन्न पाटाहरूमा समाचारहरू प्रकाशन भएको पाइन्छन्। यस्ता समाचारहरूले दलित समुदायको ध्यान शिक्षामा केन्द्रित गराउन मद्दत पुऱ्याउँछ। साथै सम्बन्धित निकायहरूलाई पनि सोच्न बाध्य बनाउन सक्छ। यद्यपि शिक्षा र दलित सवालमा प्रकाशित अधिकांश समाचारहरू छात्रवृत्ति प्रदान गरिएको जस्ता विषयमा नै केन्द्रित छन्।

### *आन्दोलन*

दलितहरूले गरेका सामाजिक र राजनीतिक दुई प्रकारका आन्दोलनका समाचारहरू प्रकाशित छन् । दलित समस्या जातीय समस्या मात्रै नभइकन राजनीतिक समस्या भएको राजनीतिक व्यक्तिहरूले बताउने गरेका छन् । त्यसकारण पनि राजनीतिक आन्दोलनमा दलितहरूको सहभागिता हुने गरेको छ । यसरी विभिन्न समयमा भएका राष्ट्रिय राजनीतिक आन्दोलनहरूमा दलितहरू पनि संलग्न भएर आफ्ना मागहरू उठाएका समाचारहरू प्रकाशन भएका पाइन्छन् । २०६१ माघ १९ गतेको राजाको कदमबाट दलितहरूको आन्दोलनलाई पनि प्रत्यक्ष प्रभाव पारेको पाइन्छ । साथै आन्दोलनको स्वरूप पनि परिवर्तन भएको पाइन्छ । माघ १९ पछिका आन्दोलन विशेष गरी राजनीतिक उद्देश्य प्राप्तिका लागि वा राजाको निरङ्कुशताविरोधी नै देखिन्छन् । राजाको उक्त कदमबाट नेपाली दलितहरूको मुक्ति असम्भव हुने बताउँदै राजनीतिक दलका भातृसङ्गठनहरूले एकसाथ आन्दोलन गर्ने घोषणा गरेर दलितहरू निरन्तर आन्दोलनमा लागेका समाचारहरू प्रकाशन भएका छन् । राजनीतिक रूपमा पूर्ण लोकतन्त्र प्राप्त नभइकन दलितहरूको मुक्ति नहुने भएकाले दलितहरू पनि लोकतान्त्रिक आन्दोलनमा होमिएका समाचारहरू प्रकाशन भएका छन् । राज्यको न्यायिक र लोकतान्त्रिक चरित्र निर्माणमा दलितहरूले पुऱ्याएको भूमिकाको विषयमा थोरै समाचारहरू प्रकाशित छन् ।

सामाजिक रूपमा दलितहरूमाथि दैनिक रूपमा भइरहने विभेदविरुद्ध आन्दोलनका समाचारहरू पनि प्रकाशन हुने गरेको पाइन्छ । दलितहरूमाथि माथिल्ला जातका भनिनेहरूले नाकाबन्दी गरेको, मन्दिर प्रवेश गर्न नदिएको, पानीका धारामा भेदभाव तथा कुटपिट गरेको, विद्यालयमा विभेद गरेको जस्ता सामाजिक अन्याय भएका समाचार र त्यस्ता कार्यको विरोधमा भएका आन्दोलनहरूका समाचारहरू पनि यदाकदा प्रकाशन हुने गरेको पाइन्छ । विभेदबारे सीमित समाचारहरू आउने गरेको भए पनि कुनै घटनाको पूर्ण विवरण समाचारमा पढ्न पाइँदैन । जस्तो २०६२ असार ३ गते सुर्खेत छिन्चुमा शारदा उच्च मावि कक्षा ९ मा अध्ययनरत चक्रबहादुर नेपालीको अज्ञात समूहले स्थानीय झिँगेनारा खोलामा हत्या गरेको समाचार *गोरखापत्र* दैनिकमा असार ५ गते प्रकाशित छ (गोरखापत्र २०६२) । उक्त समाचारमा घटनाको पृष्ठभूमि, प्रकृति, मृतकको पृष्ठभूमि, स्थानीयबासीको घटनाप्रतिको धारणा इत्यादि सन्दर्भ दिन सकिन्थ्यो ।

बझाङको सुर्मासरोबरमा लाग्ने मेलामा दलितहरूलाई १५ दिनसम्म विद्यालय जान र सार्वजनिक बाटोबाट हिँड्नसमेत वञ्चित गरेको पाइएको छ । स्थानीय स्तरमा त्यसको सामान्य विरोध हुने गरेको भए पनि ती विषयहरू समाचारपत्रका

लागि गहन समाचार बन्न सकेका छैनन् । हलियाबाट मुक्ति तथा पुनर्स्थापनाको माग गर्दै पश्चिम नेपालका हलियाहरू बेलाबेलामा आन्दोलनमा उत्रिएका छन् । यो विषयमा गहन, विश्लेषणमूलक र खोजमूलक सामग्रीहरू पत्रपत्रिकामा प्रकाशन भएका छैनन् । यी विभिन्न आन्दोलनबारे प्रकाशित समाचारहरू पनि सूचनायुक्त त हुन्छन् तर, खोजमूलक र विश्लेषणात्मक हुने गरेको पाइन्न ।

### *पेशा/प्रथा*

दलितहरूले लामो समयदेखि नै परम्परागत पेशा वा व्यवसायका माध्यमबाट आफ्नो जीविकोपार्जन गरिरहेका छन् । कला र सीपका धनी भए पनि उनीहरूको जीविकोपार्जनमा समस्या परिरहेको नै पाइन्छ । सीप भए पनि बाँच्न गाह्रो भइरहेका दलितहरूलाई विभिन्न किसिमका शोषण हुने गरेको पाइन्छ । शोषणमूलक र सामन्ती उत्पादन सम्बन्धका कारण दलितहरू शोषित हुनुपरेको छ । बालीप्रथा, खलीप्रथा, हलियाप्रथा जस्ता चरम शोषणयुक्त पेशाहरूका कारण पनि दलितहरूको जीवनस्तर माथि उठ्न सकेको छैन । केही पेशाकर्मीहरू भने बिस्तारै परम्परागत पेशाबाट विस्थापनसमेत भइरहेका छन् ।

दलितहरूको परम्परागत पेशा, व्यवसायका विषयमा केही सामग्रीहरू छापिएको पाइए पनि किन उनीहरू शोषणमूलक प्रथाहरूमा बसिरहन बाध्य भए वा पारियो भन्नेबारे कुरा उठाएको पाइँदैन । यस्ता शोषणमूलक उत्पादन सम्बन्धहरूविरुद्ध र उत्पादनका स्रोत साधनहरूमाथि दलितहरूको पनि हक स्थापना गरिनुपर्ने आशयका सामग्री प्रकाशन गरेर पीडित दलितहरूलाई र गैर दलितलाई पनि यसबारे सचेत र जागरुक बनाउन मिडिया उपयुक्त माध्यम हो । अहिलेसम्मको अभ्यासमा त्यसो हुन सकेको छैन । दलितहरू परम्परागत पेशाबाट विस्थापन भएपछि उनीहरूको अवस्था र राज्यको दायित्व जस्ता सवालहरूमा पनि सामग्रीहरू प्रकाशन गर्न जरुरी छ ।

### *दलित महिला*

दोस्रो दर्जाका रूपमा पारिएका महिलाहरूमध्येमा पनि दलित महिलाहरूका सवाल नेपाली छापा सञ्चारमाध्यममा अति कम छन् । जातीय र लैङ्गिक दोहोरो उत्पीडनमा परेका दलित महिलाहरूको पीडा अत्यधिक छ । तर, नेपाली छापाले उनीहरूका मुक्तिका लागि आफ्नो प्रभावकारी भूमिका निर्वाह गर्न सकेको देखिँदैन । सारा महिला नै शोषणमा परेको सामाजिक परिवेशमा दलित महिलाहरू झन् धेरै यातना भोग्न बाध्य छन् । बोक्सीको आरोपमा कुटपिट गरिएका, धारा

कुवामा पानी छोइएको आरोपमा पिटिएका, बारम्बार बलात्कार गरिएका जस्ता समाचारहरू त आउने गरेका छन् । तर, ती घटनाहरू दोहरिरहनुका पछाडिका सामाजिक, आर्थिक, राजनीतिक कारणहरूको खोजी भने भएको पाइँदैन ।

### *अन्तरजातीय विवाह*

सामाजिक रूपमा दलित र गैरदलितबीचको विवाहलाई स्वीकार नगरिए पनि उक्त परम्परा तोड्दै अन्तरजातीय विवाहहरू भई नै रहेको पाइन्छ । केही अन्तरजातीय विवाह सफल भएका छन् भने केही व्यक्तिहरूले अन्तरजातीय विवाहका कारण दुःखपूर्ण जीवन जिउन बाध्य भएका छन् ।

अन्तरजातीय विवाहका समाचारहरूले पनि पत्रपत्रिकामा स्थान पाएका छन् । विवाहिता जोडीहरूलाई सम्मान गरिएको समाचारका साथै केही सफल जोडीहरूको सफलताको कथाहरू पनि छापामा आएको पाइन्छ । स्वाभाविक रूपले यसले अन्य अन्तरजातीय विवाह गर्ने व्यक्तिहरूलाई हौसला प्रदान गर्छ । तर, केही अन्तरजातीय विवाहका असफल र अत्यन्तै सङ्घर्षका कथाहरू पनि प्रकाशन भएका पाइन्छन् । अधिकांश समाचारहरूमा पीडित दलितले न्याय पाउनुपर्ने कुरामा समाचारहरू सकारात्मक देखिन्छन् । तर, अन्तरजातीय विवाह गर्ने जोडीहरूले गरेको कठिन सङ्घर्षका कुराहरूलाई 'बिचरा' का रूपमा चित्रण गरिएको पाइन्छ । नेपाली समाजको रूपान्तरण वा पुनर्संरचनामा पार्ने असर तथा अन्तरजातीय विवाहका सैद्धान्तिक पक्ष आदिका विषयमा भने कतै पनि विश्लेषणहरू पाइँदैनन् । अन्तरजातीय विवाहका कारण नै बिचल्लीमा परेका व्यक्तिहरूका सङ्घर्ष र जीवन भोगाइका वास्तविकताहरू सहितको फलोअप समाचारहरू पनि अत्यन्तै कम छन् । त्यसकारण ती मुद्दाहरूमा सरोकारवालाहरूको प्रतिक्रियासहित समाचार प्रकाशन गर्ने र विवाह गर्ने व्यक्तिको नैसर्गिक अधिकार स्थापना गराउने कार्यमा पनि मिडियाको भूमिका महत्त्वपूर्ण रहनुपर्छ ।

### *दलित उत्पीडन र उजुरी*

दलितहरूमाथि समाजका उपल्ला जाति भनिनेहरूबाट हुने गरेका यातना, हत्या, बलात्कार, उत्पीडन, शोषण, भेदभाव जस्ता घटनाहरूको समाचार आए पनि ती घटनाहरूको विरोधमा पत्रिकाहरू पर्याप्त मात्रामा लाग्न सकेको देखिँदैन । सरोकारवालाको प्रतिक्रिया लिँदा पनि गम्भीरतापूर्वक लिएर उनीहरूलाई दबाब दिने काम कम मात्रै भएको पाइन्छ । आवश्यकताअनुरूप उपल्लो निकायका व्यक्तिहरूलाई समाचारको स्रोत बनाउँदा समाचारको प्रभावकारिता अझै बढ्ने,

आधिकारिक धारणा आउने र पीडितले केही हदसम्म राहत पाउनेतर्फ भने त्यति धेरै ख्याल गरिएको पाइँदैन । सप्तरी जिल्लाको सकरपुरा-२ मा दशैँमा ढोल नबजाएको निहुँमा इन्द्रप्रसाद झा, शिवकुमार ठाकुर, विष्णुदेव सिंह, निवर्तमान गाविस अध्यक्ष गन्नु मुखिया, नारायण मण्डल, केशरी सिंह लगायतले दलित बस्तीमा नाकाबन्दी गर्नुका साथै मार्ने धम्की दिएका थिए । स्थानीय चमार दलितहरू नाकाबन्दीका कारण नुन किन्नसमेत भारत पुग्नुपरेको समाचार दैनिक पत्रिकाहरूमा आए (अन्नपूर्ण पोष्ट २०६२ख) । साथै पीडितहरूले जिल्ला प्रशासन कार्यालयमा उजुरी दर्ता गराएको र पीडकहरूलाई पक्राउ गर्ने भनिए पनि पक्राउ गरी कारबाही गरे-नगरेको सम्बन्धमा कुनै पनि जानकारी पत्रिकामा देख्न पाइएन ।

दलितहरूले अधिकतम समस्या भोगेका ग्रामीण ठाउँका समस्याहरू कमै मात्रामा आउने गरेका पाइन्छन् । प्रकाशित समाचारहरू सदरमुकाम र सुविधायुक्त ठाउँहरूमा भएका घटनाहरूमा मात्र बढी आधारित हुने गरेको देखिन्छ । तर दलितहरूको वास्तविक समस्या सुविधासम्पन्न सहरमा भन्दा गाउँघरमा व्यापक छ । सामाजिक कुसंस्कार र पुरातनवादी सोचग्रस्त गाउँ-समाजहरूमा दलितहरू अझ बढी उत्पीडनमा परेका छन् । काठमाडौँकेन्द्रित संवाददाताहरूले पनि काठमाडौँ र आसपासमा दलितहरूमाथि भइरहेको उत्पीडन र विभेदका घटनाहरूलाई राम्ररी सम्बोधन गर्न सकेको देखिँदैन ।

दलितमाथि भएका विभिन्न शोषण, दमन, उत्पीडन, अन्याय, अत्याचार, हत्या, कुटपिट, यातना, नाकाबन्दीलगायतका घटनाहरूका विरोध गर्दै दलित समुदायका व्यक्तिहरूले अदालतमा उजुरी दर्ता गरिएका केही समाचारहरू पनि प्रकाशित छन् । केही समाचारहरूमा प्रशासनले छानबिन गरेको र कारबाही गरेको पनि उल्लेख छ भने धेरैजसोमा उजुरी दिएपछि के भयो भन्नेबारे कुनै फलोअप गरिएको पाइँदैन । यसले गर्दा त्यसबारे चासो राख्ने जनताले उक्त सन्दर्भको थप जानकारी पाउन सक्ने सम्भावना हुँदैन । दलितहरूलाई नाकाबन्दी गरिएको विरोधमा सप्तरी सकरपुरा गाविसका दलितहरूले २०६२ साल कात्तिक ३ गते उजुरी दर्ता गराएको समाचार *नेपाल समाचारपत्र*मा प्रकाशित छ (नेपाल समाचारपत्र २०६२क) । त्यस घटनाका पूर्ण रूपमा फलोअप समाचारहरू प्रकाशन भएको पाइँदैन ।

२०६२ फागुन २२ गते ललितपुर बुङमती गाविसस्थित चुनीखेलमा इनारबाट पानी झिकेको आरोपमा नानीमैया नेपाली र शोभा नेपालीलाई स्थानीयबासीले कुटपिट गरे । त्यस बेला भएको विवादका कारण त्यहाँ समाचार सङ्कलन गर्न

गएका दिनेश परियार र नरेन्द्र राजलाई समेत कुटपिट गरियो । फागुन २२ गते जिप्रका ललितपुरले नानीमैया नेपालीलाई पाँच हजार र दिनेश तथा नरेन्द्रलाई २५ हजार दिलाएर सम्झौता गरिएको समाचार प्रकाशित छ (नेपाल समाचारपत्र २०६२ख) ।

सप्तरीकी एक १४ वर्षीया दलित बालिकालाई बलात्कार गर्ने मोहम्मद मियाँलाई कारबाही गर्ने मागका साथ प्रशासनमा उजुरी दिएको समाचार प्रकाशित छ (कान्तिपुर २०६२ख) । त्यसै गरी ल्यान्काउ नेपालको छुवाछूत निगरानी केन्द्र छ महिनासम्म उजुरीविहीन रहेको समाचार *अन्नपूर्ण पोष्ट*मा प्रकाशित छ (अन्नपूर्ण पोष्ट २०६२ग) । २०६२ माघ ६ गते सर्वोच्च अदालतले तीनधारा संस्कृत छात्रावासमा महेन्द्र संस्कृत विश्वविद्यालयमा दलित र महिलालाई पनि बस्न मिल्ने भन्दै नियमावलीमा प्रयोग 'व्रतबन्ध' र 'वटुक' शब्दले कुनै जातजातिको संस्कार बुझाउने भएकोले तिनलाई हटाउन न्यायधीशहरू मिनबहादुर रायमाझी, शारदाप्रसाद पण्डित र कल्याण श्रेष्ठको संयुक्त इजलासले आदेश दिएको समाचार प्रकाशन भएको छ (कान्तिपुर २०६२ग) ।

शिक्षकको यातनाबाट मानसिक सन्तुलन गुमाएका रूपन्देहीको तिलोत्तमा माध्यमिक विद्यालयमा कक्षा ५ मा अध्ययनरत अमृतकुमार हरिजनलाई क्षतिपूर्ति दिनुपर्ने मागसहित यातनापीडित सरोकार केन्द्र (सिभिक्ट) नवलपरासीका अध्यक्ष गणेश सापकोटाले जिल्ला अदालत रूपन्देहीमा चैत १ गते उजुरी दर्ता गराएको समाचार *कान्तिपुर*मा प्रकाशित छ (कान्तिपुर २०६२घ) । मुद्दामा प्रधानाध्यापक, पीडक शिक्षक अर्जुन थापा र जिल्ला शिक्षा कार्यालय रूपन्देहीलाई विपक्षी बनाइएको छ । अर्जुन थापाले गृहकार्य नगरेको भन्दै हरिजनलाई एक हजार पल्ट उठबस गर्न लगाएका थिए । तर, त्यसपछि उक्त समाचारको फलोअप समाचार प्रकाशन गरिएको देखिँदैन । यी केही प्रतिनिधिमूलक घटनाहरू मात्रै हुन् । मुलुकका विभिन्न भागमा भइरहेका यस्ता घटनाहरूको पूर्ण विवरण आउन सकेमा दलितहरूको वास्तविक अवस्था र न्यायपालिकाले त्यसमा गर्नुपर्ने भूमिकाको खोजी हुन मद्दत पुग्न सक्थ्यो ।

### *अध्ययन/अनुसन्धान*

दलित सवालमा बेलाबेलामा विभिन्न अध्ययन अनुसन्धान हुने गरेका छन् । र, ती विषयमा समाचारहरू आउने गरेका छन् । यस्ता अध्ययनबारे जानकारीले पनि आम रूपमा सूचना उपलब्ध गराउने र जानकारी गराउने काममा सहयोग पुऱ्याउन सक्छ । विभिन्न सङ्घसंस्था तथा सङ्गठनहरूले गरेका अध्ययनहरूलाई आधार

मानेर पनि समाचारहरू प्रकाशन हुने गरेको पाइन्छ। नागरिक समाज विकास परिषद् नेपाल, जिल्ला शाखा, चितवनले गरेको एक अध्ययनले चितवनको कूल ६८ हजार ६ सय ९९ जनसङ्ख्या रहेकोमा दलितहरूको जनसङ्ख्या ८.५६ प्रतिशत रहेको र २०५४ सालको जनप्रतिनिधित्वको आधारमा हेर्दा दलित समुदायको प्रतिनिधित्व ३.७१ प्रतिशत मात्रै रहेको उल्लेख गरिएको छ। सामाजिक संस्था नागरिक समाज विकास परिषद् जिल्ला शाखा, चितवनले गरेको अध्ययनलाई आधार मानी *हिमालय टाइम्स*ले सो समाचार प्रकाशन गरेको छ (हिमालय टाइम्स २०६२क)।

काठमाडौँ लगायतका सहरहरूमा दलित बालश्रमिकको सङ्ख्या अत्यधिक रहेको सिविनले गरेको एक अध्ययनले देखाएको छ (हिमालय टाइम्स २०६२ख)। अध्ययनअनुसार अधिराज्यका छओटा प्रमुख सहरहरूमा जम्मा बालश्रमिकमध्ये २१ प्रतिशत बालश्रमिक प्लाष्टिक र फलाम बटुल्ने गर्छन् र तीमध्ये सबैभन्दा बढी दलित छन्। काठमाडौँमा सात प्रतिशत बालश्रमिक रहेको सो अध्ययनले देखाएको छ। त्यस्तै २१ प्रतिशत बालबालिका भरिया पेशामा काम गर्नेमध्ये १८ प्रतिशत दलित रहेको र नेपालमा दलित बालबालिकाको बेचविखन १८ प्रतिशत रहेको उल्लेख गरिएको छ। यस्ता अध्ययनका नतिजाहरू समाचारका रूपमा दैनिक पत्रिकाहरूमा आएका छन्।

## प्रकाशित लेखको अवस्था

दैनिक तथा साप्ताहिक पत्रिकाहरूले दलित सवालमा विभिन्न लेखहरू पनि प्रकाशन गर्दै आएका छन्। यसले आम पाठकलाई दलित जातीय समस्याबारेमा जानकारी गराउने र दलितहरूको वास्तविक समस्या एवं त्यसको निराकरणका लागि सरोकारका निकायले भूमिका खेल्न सैद्धान्तिक पाटाहरूको विश्लेषण गर्न सजिलो बनाइदिन सक्छ (भट्ट २०५८)। यसरी दलित सवालमा विभिन्न वैचारिक तथा सैद्धान्तिक लेखहरू नेपाली छापा सञ्चारमाध्यममा ठूलो सङ्ख्यामा भने पाइँदैन।[५] त्यसमाथि पनि खोजमूलक लेखहरू त अत्यन्तै कम छन्। विचार पृष्ठमा नै प्रकाशित कतिपय लेखहरू त 'हामीले पनि दलितका विषयमा लेख लेखेका छौँ' भन्ने देखाउन मात्रै लेखिएका जस्ता छन्।

---

५ समाचारपत्रहरूको विचार पृष्ठमा समेटिएका सम्पादकीय र पाठक प्रतिक्रिया बाहेकका विश्लेषण, लेख तथा विचारलाई यहाँ लेखको रूपमा अध्ययन गरिएको छ। सम्पादकीय र पाठक प्रतिक्रियाको छुट्टै खण्डमा चर्चा गरिएको छ।

**तालिका २: दैनिक पत्रिकाहरूमा प्रकाशित लेखहरूको तथ्याङ्क**

| पत्रिकाको नाम | २०६१ | २०६२ |
|---|---|---|
| कान्तिपुर | ३० | २३ |
| गोरखापत्र | २४ | १९ |
| अन्नपूर्ण पोष्ट | २७ | ३१ |
| नेपाल समाचारपत्र | १२ | १५ |
| राजधानी | २२ | १५ |
| हिमालय टाइम्स | १३ | ९ |
| द हिमालयन टाइम्स | २ | १ |
| द राइजिङ नेपाल | ४ | – |
| द काठमाण्डु पोस्ट | ६ | १ |
| **जम्मा** | **१४०** | **११४** |

स्रोतः जागरण मिडिया सेन्टर (२०६१क, २०६१ख, २०६२क, २०६२ख)।

तालिका २ लाई हेर्दा थोरै मात्रै लेखहरू दलित सवालमा प्रकाशन हुने गरेको स्पष्ट देखिन्छ। पत्रपत्रिकामा प्रकाशित लेखहरूले स्वाभाविक रूपमा दलित आन्दोलन, मुक्तिका सवाल, राजनीतिक तथा वैचारिक सिद्धान्तहरूबारे बहस चलाउनुका साथै आम पाठकलाई दलित जातीय समस्याबारे स्पष्ट पार्न सघाउँछन्। दलितहरूको समस्यालाई अहिलेसम्म पनि उनीहरूको मात्रै समस्याका रूपमा चित्रण गरिँदै आएको पाइन्छ। उनीहरूको समस्या समग्र समाज वा आम नेपालीको पनि हो भन्ने कुरा स्थापना नहुञ्जेलसम्म त्यसको समाधानका लागि ठोस पहलहरू हुन सक्दैनन्। त्यसैले पनि दलितका समस्या नेपाली सञ्चारमाध्यममा आउन जरुरी छ। गत दुई वर्षको तथ्याङ्कलाई हेर्दा दलितबारे प्रकाशित सामग्रीको करीब ६ प्रतिशतको हाराहारीमा मात्रै दलितसम्बन्धी लेखहरू छन्। त्यसमाथि पनि अङ्ग्रेजी दैनिकहरूमा अत्यन्तै न्यून मात्रामा दलित सवालका लेखहरू प्रकाशन भएको देखिन्छ।

लेखकहरूको संलग्नता हेर्दा गैरदलितहरूले पनि दलितका सवालमा लेख लेख्ने गरेको देखिन्छ। २०६१ र २०६२ सालको तथ्याङ्कअनुसार दैनिक पत्रिकाहरूमा करीब ३८ प्रतिशत दलित र ६२ प्रतिशत गैरदलित लेखकहरूका लेख प्रकाशन भएको पाइन्छ (जागरण मिडिया सेन्टर २०६१क, २०६१ख, २०६२क र २०६२ख)।

प्रकाशित लेखहरूलाई तीन किसिमले वर्गीकरण गरी हेर्न सकिन्छ– विषयप्रधान, घटनाप्रधान र मिश्रित। विषयप्रधान भन्नाले दलित सवालमा लेखिएका वैचारिक, सैद्धान्तिक र विश्लेषण तथा निष्कर्ष सहितका लेखहरूलाई लिन सकिन्छ। दैनिक पत्रिकाहरूमा भन्दा साप्ताहिक पत्रिकाहरूमा यस्ता विश्लेषणमूलक लेखहरू तुलनात्मक रूपमा धेरै प्रकाशन हुने गरेको पाइन्छ। यस्ता लेखहरू नेपाली

दैनिक पत्रपत्रिकाहरूमा भने अन्य लेखको तुलनाका कम प्रकाशित देखिन्छ । रणेन्द्र बरालीको लेख (बराली २०६२) मा दलित मुक्ति आन्दोलनलाई आफ्नो कर्म बनाउने थुप्रै नेताहरू पलायन भएको उल्लेख छ । आफ्नो स्वार्थका कारण आन्दोलनलाई तिलाञ्जली दिनसमेत पछि नपर्ने हिरालाल विश्वकर्मा, हरिशङ्कर परियारका साथै गोल्छे सार्कीको समेत वर्णन गर्दै लेखमा भनिएको छ, "अहिलेसम्म राजसभा, संसद र क्याविनेटसम्म २२ जना माननीय भइसकेका भए पनि जसले त्यहाँसम्म पुऱ्यायो उसैको आराधना गर्नेभन्दा दलित मुक्तिका लागि अन्य काम हुन सकेन । त्यसैले दलितको बाटो पलायन र आत्मसमर्पण हैन एकता र सङ्घर्ष हो ।" यस लेखले आन्दोलनबाट पलायन हुने र आत्मसमर्पण गर्नेहरूलाई मुक्ति आन्दोलनको बारेमा सचेत गराएको पाइन्छ ।

घटना प्रधानमा दलितमाथि भएका ज्यादती, मन्दिर प्रवेश, नाकाबन्दी जस्ता घटनाहरूलाई केन्द्रविन्दु बनाएर लेखिएका लेखहरू पनि प्रकाशन भएका देखिन्छन् । यसरी प्रकाशित लेखहरू दैनिक पत्रिकाहरूमा विषयप्रधान लेखहरू भन्दा मात्रात्मक हिसाबले केही बढी छन् ।

बाग्लुङको एउटा मन्दिरमा दलितहरूले जबर्जस्ती प्रवेश गरेपछि उनीहरूलाई अछूतो पार्न सामन्ती समाजले मन्दिरलाई नै ठाँटीमा परिणत गरेको पत्रकार विनोद त्रिपाठी (२०६२) ले लेखेको लेख *कान्तिपुर*मा प्रकाशित छ । स्थानीय गैरदलितहरू मन्दिरमा दलित पसेकोमा विरोध गर्दै प्रशासन पुगेको र अर्कोतर्फ दलितहरूले पनि आफूहरू अन्य मानिस सरह मन्दिर प्रवेश गर्न पाउनुपर्ने माग राखेर प्रशासनमा उजुरी दिँदा पूजारीबाहेक कसैलाई पनि मन्दिर प्रवेश गर्न नदिइने कुरामा सहमति गराइएको थियो । यस कुरालाई त्रिपाठीले दलित आन्दोलनसँग गाँसेर व्याख्या गर्दै लेख्नुभएको छ, "दलित आन्दोलनमा छुटेको कुरा सामन्ती निर्णयलाई सहर्ष स्वीकार गरेर कृत्रिम अधिकार पाएकोमा गर्व गर्नु हो । यसरी हेर्दा आन्दोलन क्षणिक अधिकार खोस्न मात्र उद्यत देखिन्छ । तर, दीर्घकालीन समाधानमा आन्दोलनले गति लिएको पाइँदैन" (विनोद त्रिपाठी २०६२) ।

दैनिक पत्रपत्रिकामा मिश्रित खालका लेखहरू पनि प्रकाशन भएको पाइन्छ । दलितको मात्रै समस्याबारे चर्चा गर्ने नभई दलित, मधेशी, आदिवासी जनजाति, महिला लगायत पिछडिएका अन्य वर्गका समस्या र सवाललाई पनि एक मुष्ठ उठाउने लेखलाई यहाँ मिश्रित खालका लेख भनिएको हो । उदाहरणको रूपमा *कान्तिपुर*मा प्रकाशित हृदयेश त्रिपाठीको लेखलाई लिन सकिन्छ । सम्पूर्ण आदिवासी, मधेसी र दलितहरूमा देश हाम्रो हो तर राज्य हाम्रो होइन भन्ने भावनाको विकास भएको त्रिपाठी (२०६२) ले आफ्नो लेखमा उल्लेख गर्नुभएको छ ।

समतामूलक समाजका लागि साझा आन्दोलन गर्नुपर्ने र त्यो प्रजातन्त्रमा मात्रै सम्भव हुने उहाँको धारणा यस लेखमा पाइन्छ ।

## प्रकाशित सम्पादकीयको अवस्था

सम्पादकीय छापा माध्यमको आफ्नो विचार प्रकट गर्ने स्तम्भ हो । दलित अधिकारका लागि गरिएका आन्दोलन, दलितको मानवअधिकार उलङ्घन, सामाजिक उत्पीडन, दलितहरूको सामाजिक, सांस्कृतिक, राजनीतिक, शैक्षिक लगायतका क्षेत्रमा भइरहेको उत्पीडन र उनीहरूका समस्याबारे सञ्चारमाध्यमहरूले सम्पादकीयमार्फत कति र कसरी कलम चलाएका छन् भन्ने सन्दर्भमा हेर्दा सन्तुष्ट हुनसक्ने अवस्था छैन ।

**तालिका ३: प्रकाशित सम्पादकीयहरूको सङ्ख्यात्मक विवरण**

| पत्रिकाको नाम | २०६१ | २०६२ |
|---|---|---|
| कान्तिपुर | २ | ३ |
| गोरखापत्र | ९ | ३ |
| अन्नपूर्ण पोष्ट | ६ | ९ |
| नेपाल समाचारपत्र | ३ | - |
| राजधानी | - | १० |
| हिमालय टाइम्स | १० | ५ |
| द हिमालयन टाइम्स | - | ३ |
| द राइजिङ नेपाल | ७ | २ |
| द काठमाण्डु पोस्ट | - | ४ |
| **जम्मा** | **३७** | **३९** |

स्रोतः जागरण मिडिया सेन्टर (२०६१क, २०६१ख, २०६२क, २०६२ख) ।

तालिका ३ लाई हेर्दा पनि दलितका विषयमा प्रकाशित सम्पादकीयको सङ्ख्या चित्त बुझ्दो देखिँदैन । दलितहरूमाथि समाजका उपल्ला जातिका भनिनेहरूबाट हुने यातना, हत्या, बलात्कार, उत्पीडन, शोषण तथा भेदभाव जस्ता घटनाहरूको समाचार छापिए पनि ती घटनाहरूको विरोधमा पत्रिकाहरू खुलेर लाग्न सकेका देखिँदैनन् । दलितबारे प्रकाशित सम्पूर्ण सामग्रीमध्ये करीब दुई प्रतिशत स्थान मात्रै सम्पादकीयले पाएको छ । पत्रिकाहरूले केही सीमित घटनाहरूका विरुद्ध सम्पादकीयमार्फत विरोध जनाएका छन् । अझ साप्ताहिक पत्रिकाहरूले त दलित सवालका सम्पादकीय छिटपुट रूपमा मात्रै लेख्ने गरेको पाइन्छ । दैनिक पत्रिकाहरूमध्ये पनि केहीले विभिन्न घटनाहरूमा आधारित रहेर सम्पादकीय प्रकाशन गरेका छन् ।

'दलितको उत्पीडन', 'सकिङ्ली सेन्सलेस', 'दलित्स् फेट', 'जातिभेदविरुद्ध दैनिक सङ्घर्ष', 'दलित उत्थान र निजी क्षेत्र', 'दल र दलित', 'छुवाछूत विरुद्धको प्रतिवद्धता', 'जातीय भेदभाव विरुद्ध कदम' जस्ता शीर्षकहरूमा सम्पादकीयहरू प्रकाशित छन् । यिनमा दलितमाथि लादिएका जातीय विभेद अमानवीय, दण्डनीय भए पनि कारबाही नगरिएको र सरकारी प्रयास अत्यन्तै फितलो रहेको उल्लेख गरिएको छ ।

गत दुई वर्षको तथ्याङ्कलाई हेर्दा पनि थाहा हुन्छ कि दुई वर्षको अवधिभर दैनिक पत्रिकामा प्रकाशित समाचार सामग्रीको जम्माजम्मी दुई प्रतिशतको हाराहारीमा मात्रै सम्पादकीय छन् । अन्य पाठकझैँ दलित समुदाय पनि पत्रिकाका पाठक हुन् र उनीहरूका पीडा, रूचि तथा आकाङ्क्षालाई पनि मिडियाहाउसहरूले आफ्नै सम्पादकीयमार्फत सम्बोधन गर्न सकेको खण्डमा उनीहरूको विषयवस्तुमाथिको गाम्भीर्य वस्तुपरक ढङ्गले यथार्थमा परिणत हुनसक्थ्यो ।

## पाठक प्रतिक्रियाको अवस्था

सम्पादकीय प्रकाशन गृहको आफ्नो मत राख्ने ठाउँ हो भने पाठकहरूले पनि पाठक प्रतिक्रिया स्तम्भमार्फत आफ्नो विचार राख्न पाउँछन् । पत्रपत्रिकामा प्रकाशित लेख पढेपछि पाठकले आफूलाई लेखबारे लागेको धारणा, सहमति, विमति, थप जिज्ञासा इत्यादि पाठक प्रतिक्रियाअन्तर्गत व्यक्त गर्न सक्छ। यसर्थ अन्तर्क्रिया संस्कृतिको हिसाबले यसको महत्त्व धेरै छ। दलित सामग्रीको सन्दर्भमा पनि यो कुरा लागू भएको महसुस हुन्छ। दलितसम्बन्धी प्रकाशित सामग्रीबारे विभिन्न पाठकले आफ्नो राय लेखी दलितका सवाललाई बहसमा ल्याउन मद्दत पुऱ्याएका छन्। साथै प्रकाशन गृहलाई पनि विषयवस्तुको संवेदनशीलता, गम्भीरता र आवश्यकताको बोध गराउन यी पाठक प्रतिक्रिया सहयोगी बनेका छन्।

तालिका ४ मा उल्लिखित तथ्याङ्कहरू हेर्दा विगतका तुलनामा दलित सवालमा पाठक प्रतिक्रिया प्रकाशनमा वृद्धि आएको छ । दलितहरूका सवालमा दलितहरूले मात्रै नभई गैरदलितहरूले पनि पाठक प्रतिक्रिया पठाउने गरेको पाइन्छ । यद्यपि गैरदलितको तुलनामा दलितहरूले नै बढी पाठक प्रतिक्रिया लेख्ने गरेको पाइन्छ ।

गत दुई वर्षको तथ्याङ्कअनुसार दलितबारे प्रकाशित सम्पूर्ण सामग्रीमध्ये करीब ३.५ प्रतिशत पाठक प्रतिक्रिया छापिएछन् । तालिका ४ अनुसार *कान्तिपुर* दैनिकमा दलित सवालमा पाठक प्रतिक्रिया अन्यका तुलनामा बढी छापिए । त्यसो त समग्रमा *कान्तिपुर*मा पाठक प्रतिक्रिया अरूमा भन्दा धेरै छापिन्छन् । अङ्ग्रेजी दैनिकहरूमा त अत्यन्तै न्यून मात्रामा पाठक प्रतिक्रिया देखिन्छन् ।

**तालिका ४: पाठक प्रतिक्रियाको सङ्ख्यात्मक विवरण**

| पत्रिकाको नाम | २०६१ | २०६२ |
|---|---|---|
| कान्तिपुर | ४० | ३९ |
| गोरखापत्र | ४ | २ |
| अन्नपूर्ण पोष्ट | १० | २० |
| नेपाल समाचारपत्र | १ | १२ |
| राजधानी | ८ | ८ |
| हिमालय टाइम्स | २ | १ |
| द हिमालयन टाइम्स | २ | १ |
| द राइजिङ नेपाल | २ | - |
| द काठमाण्डु पोस्ट | २ | ३ |
| **जम्मा** | **७१** | **८६** |

स्रोतः जागरण मिडिया सेन्टर (२०६१क, २०६१ख, २०६२क, २०६२ख)।

प्रकाशित पाठक प्रतिक्रियाहरू अत्यन्तै सूक्ष्म र चोटिला छन्। अन्तरजातीय विवाहका कारण पीडितहरूले न्याय पाउनुपर्ने, राज्यकै कारण पछाडि पारिएका दलितहरूलाई आरक्षण दिइनुपर्ने, मन्दिर प्रवेशमा दलितलाई रोक लगाउन नहुने, दलितहरूमाथि भइरहेका ज्यादतीलाई राज्यले मुकदर्शक भएर हेरिरहने प्रवृत्तिको अन्त्य हुनुपर्ने जस्ता सवालहरू पाठक प्रतिक्रियामा उठेका छन्।

## अझै किन आउन सकेन दलित सवाल छापामा ?

२०४६ सालपछि फस्टाउँदै गइरहेको मिडियामा सुरुका दिनहरूमा यदाकदा मात्रै दलितबारे सामग्री समावेश हुने गर्थ्यो। तुलनात्मक रूपमा पछिल्ला वर्षहरूमा दलितसम्बन्धी सामग्रीले मिडियामा केही बढी स्थान पाउन थालेको देखिन्छ। तर, ती प्रर्याप्त भने छैनन्। किन दलितका सवाल नेपाली छापा सञ्चारमाध्यममा अपेक्षाकृत ढङ्गबाट आउन सकेन त ? यसका पछाडि विभिन्न कारणहरू छन्। सञ्चारमाध्यममा दलितको प्रतिनिधित्व नहुनु, तिनमा बिस्तारै बजार निन्त्रण हुँदै जानु, विभेदकारी नेपाली सामाजिक संरचनाको प्रभाव वा मनोवैज्ञानिक असर सञ्चारकर्मी तथा प्रकाशन गृहहरूमा रहिरहनु आदि जस्ता कुराहरूले नेपाली दलित जातीय सवाल नेपाली मिडियामा प्रभावकारी ढङ्गबाट आउन सकेको छैन। यी कारणहरूबारे छोटकरीमा चर्चा गरौँ।

### *दलितहरूको प्रतिनिधित्वको अभाव*

मिडियामा दलित मुद्दाको कुरा गर्दा दलितहरूको भौतिक प्रतिनिधित्वको सवाल पनि सँगसँगै जोडिएर आउने गर्छ। अहिलेसम्मको छापा सञ्चारमाध्यममा

दलितहरूको प्रतिनिधित्व अत्यन्तै न्यून रहेको तथ्याङ्कहरूले देखाउँछन् । २०५७ सालमा मार्टिन चौतारीले २३ ओटा सहरहरूमा गरेको नेपाली प्रकाशन संस्थाहरूको सर्वेक्षणले पनि सो कुरा देखाएको छ। अध्ययनमा सम्पादक समूहमा उपत्यका बाहिरका जिल्लाहरूमा गरिएको सर्वेक्षणले सम्पादक समूहमा जम्मा १७ जना अर्थात् १.७८ प्रतिशत दलित भेटिएको थियो । उपत्यकामा ११ जना अर्थात् १.५८ प्रतिशत दलित थिए यस समूहमा। स्तम्भकारका रूपमा उपत्यकाबाहिर दलितहरू नभएको र उपत्यकामा ६.०५ प्रतिशत भएको पाइयो । प्रकाशकीय समूह (वितरक प्रमुख, बजार प्रमुख, निर्देशक, प्रबन्ध निर्देशक र अध्यक्ष) मा उपत्यकाबाहिर जम्मा एक जना रहेको र उपत्यकामा दुई जना रहेको देखियो (पराजुली र गौतम २०५८) ।

अहिले छापामा दलित प्रतिनिधित्व केही मात्रामा बढेको देखिए पनि कति वृद्धि भएको छ भन्ने खोज भने हुन सकेको छैन । सञ्चारमाध्यममा दलितहरू स्वयं उपस्थित नभएकाले पनि दलित मुद्दा कम मात्रामा आएको हो । नेपाली मिडिया जगतमा बाहुन, क्षेत्री र केही नेवार पुरुषहरू हाबी छन् । यस कारणले समाजको बहुलता र विविधताको नेपाली मिडियाले प्रतिनिधित्व गर्न सकिरहेको छैन (अर्याल २०५९) । २०६२ सालमा सञ्चारिका समूहले अधिराज्यका ४८ जिल्लामा गरेको एक अध्ययनले २ सय २४ महिला सञ्चारकर्मी रहेको देखाएको छ । जसमध्ये १४.७ प्रतिशत आदिवासी जनजाति र १.८ प्रतिशत दलित महिला सञ्चारकर्मी रहेका छन् । यसरी कुल जनसङ्ख्याको २० प्रतिशत भाग ओगट्ने दलित समुदायबाट केवल १.८ प्रतिशत दलित महिला सञ्चारकर्मीको प्रतिनिधित्व हुनुलाई निराशाजनक मान्नु पर्छ (राणा र अरू २०६२, गौतम २०६२) ।

दलितहरूको प्रतिनिधित्व नेपाली छापा सञ्चारमाध्यमका सम्पादक समूह तथा प्रकाशकीय समूहमा नहुनुले गर्दा पनि दलितहरूको मुद्दा छापा माध्यममा प्रभावकारी ढङ्गबाट हुन सकिरहेको छैन । स्तम्भकार सीके लालले मिडियामा प्रतिनिधित्वको बारेमा लेख्नुहुन्छः

> जातीय समूहहरूको पीडा, वेदना र सङ्कट तथा तिनका खुशी चाहना एवं विश्वासका कुराहरू राष्ट्रिय परिदृश्यमा आउन तिनको समानुपातिक प्रतिनिधित्व हुनैपर्छ राष्ट्रिय मिडियामा । जतिसुकै सहानुभूतिपूर्ण भए पनि खुकुरीले अचानोको चोट बोल्न सक्दैन । अचानो स्वयं रुन, बोल्न र नाच्न पाउनुपर्छ (लाल २०५८: १९) ।

हाल कार्यरत दलित पत्रकारहरूको क्षमता अभिवृद्धि गर्ने र नयाँ दलित पत्रकारहरू सञ्चार गृहहरूमा बढाउन सकेमा दलितका मुद्दाले बढी न्याय पाउन सक्छ । मिडिया र उदार प्रजातन्त्र शीर्षकमा मिडिया विश्लेषक प्रत्यूष वन्त लेख्नुहुन्छः

> हाल काम गरिरहेका सञ्चारकर्मीहरूको दक्षतामा अरू वृद्धिका साथसाथै हाल सञ्चारजगतमा थोरै सङ्ख्यामा उपस्थित महिला, जनजाति र दलित सञ्चारकर्मीहरूको सङ्ख्यामा वृद्धि नभएसम्म सञ्चारमाध्यम स्वयंभित्र लोकतन्त्रीकरण हुनसक्ने छैन। त्यसो नभएसम्म मिडियाले नेपाली समाजको प्रजातन्त्रीकरणमा दिँदै आएको योगदान बिस्तार हुन सक्ने छैन" (वन्त सन् २००४: ५९०)।

पत्रकारको सङ्ख्या बढाउनका लागि विभिन्न सञ्चारसम्बन्धी तालिम संस्थाहरूले दलितहरूलाई पत्रकारिता तालिममा सहुलियत प्रदान गर्ने तथा छात्रवृत्ति उपलब्ध गराउन सक्छन्। पत्रकारिता कलेज, नेपाल प्रेस इन्स्टिच्यूट, मिडिया प्वाइन्ट लगायतका अन्य तालिम दिने सङ्घसंस्थाले यस विषयमा विशेष पहल गर्न सक्छन्। त्यस्तै दलित सङ्घसंस्थाहरूले पनि दलित पत्रकारहरू उत्पादनका लागि सहयोगी वातावरण निर्माणलाई पनि प्राथमिकतामा राख्नुपर्छ।

अहिले जागरण मिडिया सेन्टरले विभिन्न जिल्लाहरूका दलितहरूलाई पत्रकारिता तालिम सञ्चालन गर्दै आएको छ। हालसम्म २ सय ३० जना दलितलाई पत्रकारिता तालिम दिइसकेको छ। अर्घाखाँचीमा ३९ जना (२०५९), नवलपरासीमा ३२ (२०५९), पोखरा ३५ (२०५९), सुर्खेत ३३ (२०५९), बुटवलमा २७ (२०६०), धनगढीमा २१ (२०६२), बुटवलामा २२ (२०६२) र धरानमा २१ (२०६२) जना दलितहरूलाई पत्रकारिता तालिम दिइसकेको छ।[६]

पत्रकारिताको पाठ्यक्रममा नै दलित विषयलाई समेटिनुपर्ने धारणा पनि बाहिर आउन थालेका छन्। यदि पत्रकारिताको पाठ्यक्रममा नै दलितका मुद्दालाई समेट्ने हो भने पत्रकारिताका विद्यार्थीहरूले पनि विषयगत दक्षता हासिल गर्न सहज हुने देखिन्छ। त्यस्तै अन्य सङ्घसंस्थाहरूले पनि दलितहरूलाई पत्रकारिता तालिम दिन थालेका छन्। मेचीमहाकाली मिडिया सोसाइटीले दिपायलमा वैशाखको अन्तिम साता २१ जना दलित युवालाई आधारभूत पत्रकारिता तालिम दिएको थियो (राजधानी २०६३)।

दलित सवालमा काठमाडौँमा केही सङ्घसंस्थाले मासिक तथा त्रैमासिक पत्रिकाहरू प्रकाशन गरेका देखिन्छन्। तीमध्ये *नेपालीमञ्च* मासिक (प्रकाशकः विनोद पहाडी), *जीजिविषा* मासिक (प्रकाशकः दलित सेवा सङ्घ), *जनउत्थान* (प्रकाशकः जनउत्थान प्रतिष्ठान) र *दलित सन्देश* त्रैमासिक (प्रकाशकः नेपाल राष्ट्रिय दलित समाज कल्याण सङ्घ) रहेका छन्। जागरण मिडिया सेन्टरले

---

[६] जागरण मिडिया सेन्टरको पत्रकारिता तालिमपछि तयार पारिएका प्रतिवेदनहरूमा समावेश नामावलीका आधारमा यो तथ्याङ्क निकालिएको हो।

मासिक रूपमा दलित सवालमा *जागरण लेखमाला* नामको फिचर सेवा प्रकाशन गरी विभिन्न सञ्चारमाध्यमलाई उपलब्ध गराउँदै आएको छ । यस्ता गतिविधिमा दलित पत्रकारकै संलग्नता भएकाले उनीहरूलाई सिक्ने अवसर मिलेको छ । भविष्यमा मूलधारका मिडियामा जानलाई यो अनुभवले सघाउने निश्चित छ ।

सरकारी तथा निजी सञ्चारमाध्यमहरूमा दलितहरूको न्यायपूर्ण समावेशीकरण सहित मिडियाको पुनर्संरचना हुन जरुरी छ । देशकै सबैभन्दा जेठो सरकारी छापा सञ्चारमाध्यम *गोरखापत्र*मा दलितहरूको प्रवेश नै छैन भन्दा हुन्छ । *गोरखापत्र*को समाचार शाखामा २०६१ माघ १९ अघि एकजना मात्रै कार्यरत रहेको विवरण पाइन्छ । त्यसपछिका दिनमा *गोरखापत्र*को समाचार शाखा दलितविहीन छ । त्यस्तै, राष्ट्रिय समाचार समिति (रासस) मा दलित समुदायको उपस्थिति नगण्य छ । २०६१ माघ १९ अघि हिरालाल विश्वकर्मा (ललितपुर), अमर सुनार (दैलेख) र कृष्णराम परियार (मकवानपुर) मात्रै रहेका थिए । २०६२/६३ को लोकतान्त्रिक आन्दोलनपछि अध्यक्षमा मिठाराम विश्वकर्मा 'दुःखी' मनोनयन हुनुभएको छ । यो राससको इतिहासमा पहिलो घटना हो (पहाडी २०६३) ।

मिडिया हाउसहरूमा दलितको सहभागिता दह्रो भएको खण्डमा निःसन्देह तिनका विषयमा बढी भन्दा बढी सामग्री देखा पर्ने थिए । जातीय समस्याको संवेदनशीलता र यसका अन्य विविध पाटाहरूलाई दलितले नै राम्ररी बुझ्न सक्ने हुँदा सामग्रीलाई दलित पत्रकारले अझ प्रभावकारी र वस्तुगत रूपमा सम्प्रेषण गर्न सक्छन् ।

## *छापा सञ्चारमाध्यम बजार नियन्त्रित हुँदै जानु*

नेपालमा प्रजातान्त्रिक रूपान्तरणका लागि प्रेसले महत्त्वपूर्ण भूमिका निर्वाह गर्दै आएको छ । यद्यपि नेपाली मिडिया पनि बिस्तारै बजार-नियन्त्रित हुँदैछ । बजारबाट नियन्त्रण हुँदै गइरहेको नेपाली मिडियाले दलित सवाललाई साना समाचार मुद्दाको रूपमा मात्रै स्वीकारेको छ । नेपाली छापा सञ्चारक्षेत्र पनि बजार व्यवस्थामा पूर्ण आधारित हुँदै गइरहेको छ, जसले गर्दा बजारले जनताको चाहनालाई प्रभावित गर्दै गएको पाइन्छ । यस विषयमा जेम्स कुरानलाई उद्धृत गर्दै विश्लेषक प्रत्यूष वन्त लेख्नुहन्छः

> मिडिया जनताको आवाज हुनलाई उनीहरूको प्रभाव मिडियामाथि हुन सक्नु पर्‍यो । तर हालको विश्वको मिडियाको स्वामित्व ठूलाठूला कम्पनीको हातमा गएकोले तिनलाई जनताले प्रभाव पार्नेभन्दा पनि जनताको चाहनालाई तिनले बढी प्रभाव पार्ने सम्भावना छ (वन्त सन् २००४: ५८१) ।

सोही सन्दर्भलाई हेर्दा काठमाडौँका सम्भ्रान्त वर्गको मुठीमा रहेको शक्ति सन्तुलनबाट नेपाली सञ्चारजगत मुक्त छैन । बजारको नियन्त्रणमा पत्रपत्रिका रहन थालेपछि दलितका मुद्दा समाचारको रूपमा नआउन सक्ने सम्भावना बढी हुन्छ । प्राय:जसो सहरका समाचार नै पत्रपत्रिकामा बढी देखिने गरेको पाइन्छ । दलितहरूमाथि चरम रूपमा यातना, अपमान, उत्पीडन वा शोषण ग्रामीण भेकमा बढी हुन्छ, ती ठाउँहरूको वास्तविकता अझै प्रभावकारी ढङ्गबाट आउन नसकेको देखिन्छ । दलित जातीय सवाललाई हेर्दा अधिकांश दलित गरिबीको रेखामुनि रहेकोले उनीहरू आफै पत्रिका प्रकाशनमा लाग्ने वा प्रकाशित ठूला पत्रिकाहरूमा शेयरहोल्डर बन्न सक्ने स्थितिसमेत छैन । त्यसकारण पनि सामान्यतया काठमाडौँमा भइरहने दलित सवालका कार्यक्रम, गोष्ठी, सेमिनार लगायतका कार्यक्रमहरू मात्रै समाचार बनेर पत्रपत्रिकामा झुल्कने गरेका छन् । उदाहरणका रूपमा, नेपालभरिमै सबैभन्दा बढी पत्रपत्रिका प्रकाशन हुने काठमाडौँ सहरको वरिपरि रहेका काँठ क्षेत्रका दलितले भोग्नुपरेका समाजिक अपमान तथा विभेदका कथाव्यथाहरू र उनीहरूका वास्तविक समस्याहरू छापामा नआएको सन्दर्भलाई लिन सकिन्छ ।

त्यस्तै प्रकाशित गोष्ठी सेमिनार आदिमा विभिन्न दलित सङ्घसंस्था, सङ्गठनहरूले जारी गरेका घोषणा पत्र, प्रतिबद्धता आदिका सवालमा नेपाली छापा माध्यमले 'फलो अप' गर्ने गरेको पाइँदैन । अहिलेसम्म दलित विषयले नेपाली छापा माध्यममा समाचार मुद्दाको रूपमा विकास भएको भए पनि त्यहाँ दलित मुद्दा गहन रूपमा उठ्न सकेको छैन ।

यस्तै कारणले गर्दा मिडिया जगतमाथि पनि जनताको निगरानी निरन्तर रहिरहनु पर्छ भन्दै प्रत्यूष वन्त लेख्नुहुन्छ, "निजी क्षेत्र हावी हुँदै गइरहेको मिडिया जगतमा अहिले नै विशेष ध्यान दिन जरुरी छ । त्यसो हुन सकेन भने अति बजार नियन्त्रणको प्रभावमा समाजको प्रजातान्त्रिक रूपान्तरणमा अवरोधहरू आउनेछन्" (वन्त सन् २००४: ५७७) । नेपाली छापा सञ्चारमाध्यममा दलितका सवाल आउने नआउने कुरा ती सञ्चारमाध्यम कसको हातमा छ भन्ने कुराले निर्धारण गर्छ । मिडिया अनुसन्धानकर्ता शेखर पराजुलीका अनुसार सम्बन्धित मिडियामा कसको स्वामित्व छ भन्ने कुराले पनि कुन-कुन मुद्दाले के कति प्राथमिकता पाउने भन्ने निर्धारण हुने गर्दछ (विश्वकर्मा २०६२) । तर *समय* राष्ट्रिय साप्ताहिकका सम्पादक युवराज घिमिरेको भने केही फरक तर्क छ । केही हदसम्म स्वामित्वले असर पार्ने भए पनि सम्पादकीय नीति समाजप्रति उत्तरदायी र प्रतिबद्ध हुने हो भने स्वामित्वले धेरै असर नगर्ने घिमिरे बताउनुहुन्छ (विश्वकर्मा २०६२) ।

## *राज्य व्यवस्थाको चरित्रका कारण*

समाचारमा कुनकुन मुद्दाले के कति प्राथमिकता पाउँछ भन्ने कुरा राज्य व्यवस्थाले पनि निर्धारण गर्छ । जस्तो निरङ्कुश व्यवस्थामा पत्रकारिता क्षेत्रले समाजका सम्पूर्ण कुरा तथ्यपूर्ण ढङ्गले प्रकाशन गर्न अप्ठ्रो पार्न सक्छ । राज्यको चरित्रमा नै सामाजिक चरित्रहरू पनि निर्माण हुने भएकाले त्यसको प्रत्यक्ष प्रभाव सञ्चारकर्मीहरूमा पनि परेको हुन्छ । सामाजिक विभेदकारी मनोविज्ञानबाट माथि उठ्न नसकेको खण्डमा मिडियाले पनि 'आवाजविहीनहरूको आवाज' को रूपमा काम गर्न सक्दैन । पत्रकारिताको सामाजिक उत्तरदायित्व सिद्धान्तअनुरूप पनि समाजका विविध पाटाहरूलाई पत्रकारिताले अनुसन्धान, खोज गर्ने जस्ता क्रियाकलापहरू प्रकाशन गर्न जरुरी छ ।

राज्यले दलितलाई गरेको उपेक्षाको प्रभाव समाजका अन्य अङ्गमा परेको हुन्छ । तीमध्ये मिडिया पनि एक हो । दलित 'बीट' छुट्टयाएर समाचार सङ्कलन गर्न पत्रकारहरू राखिएका भए पनि दलित मुद्दासँग सम्बन्धित समाचारलाई प्राथमिकता दिएको पाइँदैन । समाचार संस्थाले 'यो त दलितको समाचार' भन्ने र आफूले रिपोर्टिङ गरेको दलित विषयको समाचार प्रकाशन हुने हो या होइन भन्ने अन्योल हुन्छ । यसले गर्दा उनीहरूलाई दलितका मुद्दा उठाउन जाँगर हुँदैन ।

दलितको समस्या दलितको मात्रै हो भन्ने मान्यता समाजमा रहेको छ र यसलाई सामाजिक तथा राष्ट्रिय समस्याको रूपमा राज्यले समेत हेर्न खोजेको छैन । राज्यको यस्तो प्रवृत्तिले सञ्चार जगतमा पनि प्रभाव जमाएको छ । दलितबारे लेख्दा प्राथमिक स्रोतसम्म नपुगी दोस्रो स्रोतलाई बढी विश्वास गर्नुले पनि दलितका समाचार प्रभावकारी रूपमा आउन सकेका छैनन् । सञ्चारमाध्यमको दलित सवाललाई हेर्ने दृष्टिकोण पनि अपुग भएको जस्तो देखिन्छ । साथै मिडियाले दलित पनि पाठक, दर्शक र श्रोता हुन् भन्ने कुरा बुझ्न जरुरी छ ।

## *दलित सङ्घसंस्थाको भूमिकाको अभाव*

दलित जातिको मुक्ति र उत्थानका लागि दलितका विभिन्न सङ्घसंस्था सक्रिय छन् । यी सङ्घसंस्थाले उपलब्ध सञ्चारमाध्यमलाई जातीय मुक्तिको आफ्नो आन्दोलनमा कसरी उपयोग गर्न सकिन्छ भनेर कमै सोचेको महसुस हुन्छ ।

मिडियामा दलितसम्बन्धी सामग्री बढाउन दलितसम्बन्धी काम गरिरहेका सङ्घसंस्थाले विभिन्न प्रयास गर्न सक्छन् । दलित पत्रकारलाई दक्ष र कर्मठ बनाउनका लागि विभिन्न खालका तालिम उपलब्ध गराउन पहल गर्न सकिन्छ । गैरदलित सञ्चारकर्मीहरूसँग बसेर विषयगत छलफलहरू चलाउन उपयुक्त

हुन्छ । यसमार्फत दलितका विभिन्न मुद्दामा उनीहरूलाई संवेदनशील बनाउन सकिन्छ । त्यसो त ज्ञानको सहभागितामूलक विश्लेषणका लागि यस्ता छलफलहरूमा दलित पत्रकार र अन्य व्यक्तिलाई पनि निम्त्याउन सकिन्छ । यस्ता छलफलले विषयका जटिलता र बहुआयमिकता प्रस्टचाउँछ । अहिलेसम्मको अभ्यासमा यस्ता छलफलहरू अत्यन्तै कम हुने गरेका छन् । यस किसिमका छलफलहरू दलित सङ्घसंस्थाले सजिलै गर्न सक्नुपर्ने हो ।

दलित सवालका मुद्दा र समाचारका 'क्लू' सञ्चारकर्मीहरूलाई दिने काम पनि दलितका सङ्घसंस्थाले गर्न सक्छन् । दलित आन्दोलनमा भएका कमी कमजोरीहरूका साथै दलितहरूका आम पीडाका विषयहरूको उठान पत्रपत्रिकामार्फत हुन जरुरी छ । त्यसका लागि दलितहरूको आर्थिक, राजनीतिक, सामाजिक–सांस्कृतिक, प्रशासनिक, न्यायिक अधिकारबारे भइरहेका गतिविधिका जानकारीहरू सञ्चारकर्मीलाई दिन जरुरी छ ।

अहिलेसम्म जागरण मिडिया सेन्टरले सञ्चारमा समावेशीकरण विषयमा बेलाबेलामा छलफल कार्यक्रम चलाउँदै आएको छ । त्यस्तै दलित पत्रकारहरूको संस्थाका रूपमा २०६२ सालमा नेपाल राष्ट्रिय दलित पत्रकार सङ्घ स्थापना भएको छ । साथै समता सञ्जाल नामको दलित पत्रकारहरूको अर्को संस्था खुलेको देखिन्छ । क्रियाशील संस्थाहरूले मिडियाको पुनर्संरचनामा दलितहरूको सहभागिता जस्ता सवालहरूलाई बहसमा ल्याउन सुरु गरेका पाइन्छन् ।

## निष्कर्ष

आम नागरिक सरह दलित जातिले सामाजिक रूपमा समान हैसियतमा बस्न पाउने नैसर्गिक अधिकार पनि पाउनुपर्छ । यसो हुन नसकिरहेको सन्दर्भमा सञ्चारमाध्यमले ठूलो भूमिका खेल्न सक्छ । छापामा दलितका सामग्री बरोबर देखा पर्ने त गरेका छन् तर सन्तोष मान्न सकिने अवस्था छैन । महिला, दलित र जनजाति सञ्चारकर्मीहरूको सङ्ख्यामा वृद्धि नभएसम्म सञ्चारजगतमा स्वंय लोकतन्त्रीकरण हुन सक्दैन । त्यसो नभएसम्म मिडियाले नेपाली समाजको जातीय सवाललाई पनि राम्ररी सम्बोधन गर्न सक्दैन ।

जातीय समस्याका विषय छापामा बढाउनका लागि दुई उपाय अपनाउनु जरुरी छ । पहिलो त प्रकाशन गृहमा दलित, जनजाति, महिला तथा पछाडि पारिएका वर्ग, समुदायको प्रतिनिधित्व गराइनु पर्छ । दोस्रो, नेपाली समाजको पींधमा रहेका दलित जातीय समस्या जस्ता जटिल र विशिष्ट खालको समस्यालाई सम्पादकीय नीति नै निर्माण गरेर सन्तुलित ढङ्गले सम्प्रेषण गर्ने ।

यसो हुनसकेमा दलित जातीय समस्यालाई पनि सही र सूक्ष्म तरिकाले आम पाठकसामु लैजान सकिन्छ । आमसञ्चारका माध्यमहरूले 'आवाजबिहीनहरूको आवाज' हुनका लागि बजार नियन्त्रणका कारण सञ्चारमाध्यममाथि हुने नियन्त्रण फुकुवा गर्ने, पीडित वा समस्यालाई भोगेर नै आएका वास्तविक पीडितहरूमार्फत ती विषयवस्तुको विषयमा समाचार सङ्कलन गरिने व्यवस्था गर्नुपर्छ । र, दलित जातीय समस्या र समाधानका पाटाहरूलाई अत्यधिक मात्रामा बहसमा ल्याउने र जातीय मुक्तिका विषयमा छापा माध्यममार्फत व्यापक रूपमा बहस चलाइन जरुरी छ । यस्ता बहसहरू केही मात्रामा सुरु नै भइसकेका देखिन्छन् । तिनलाई अझै व्यापकता दिन सकिन्छ ।

दलितको सामाजिक, आर्थिक, सांस्कृतिक, राजनीतिक-प्रशासनिकलगायत समग्र मुद्दा उठाइनुपर्छ । ती मुद्दा उठाउनका लागि छापामाध्यममा कार्यरत पत्रकारहरूलाई आवश्यकता हेरेर ती विषयमा तालिम दिलाउने वा सम्बन्धित पत्रकारहरू र दलित समुदायका आन्दोलनकर्मी, अधिकारवादी नेता, बुद्धिजीवी आदि बेलाबेलामा बसेर छलफल गर्ने गरिएमा दलितका मूल मुद्दा छापा माध्यममा आउन सक्छ । साथै दलितका सवालमा गहन विश्लेषणयुक्त र खोजमूलक सामग्रीहरू प्रकाशित हुनुपर्छ ।

यसका साथै राष्ट्रिय दैनिक तथा साप्ताहिक पत्रिकाहरूले दलितहरूको वास्तविक समस्या, आन्दोलनका राम्रा/नराम्रा पक्ष, दलितभित्रको दक्षता र क्षमताका कुरालाई अगाडि ल्याउनु जरुरी छ । साथै दलित जातीय मुक्तिका दिशामा भिन्नाभिन्नै मत राख्ने लेखकहरूको लेख/रचना केही बढी नै प्रकाशन गर्नसकेको खण्डमा दलितहरूको मुक्तिका लागि सही बहसको थालनी हुन सक्छ । साप्ताहिक तथा अङ्ग्रेजी दैनिकहरूले दलित सवालका समाचारहरूलाई कम महत्त्व दिएको देखिन्छ । समतामूलक समाज निर्माणका लागि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा दलितहरूको मुद्दालाई अझ व्यापक रूपमा लैजान यी पत्रिकाहरूले पनि दलित सवालमा संवेदनशील हुनु जरुरी छ ।

मिडियाको शक्ति हतियारको भन्दा बढी हुन्छ । मिडियाले सूचना दिने र जागरुक बनाउने काम गर्छ । मिडियामा पनि सामन्ती संस्कार कायमै छ । मिडियाको लोकतन्त्रीकरण गर्न मिडियाको दायित्व कसको लागि हो भन्ने कुरामा स्पष्ट हुनुपर्छ र सोही अनुरूप एजेण्डा तयार गर्नुपर्छ । अहिलेका मिडिया व्यापारीप्रति बढी जिम्मेवारी बन्दै गइरहेका छन् ।

समग्रमा भन्नुपर्दा नेपाली समाजको लोकतन्त्रीकरणका लागि नेपाली समाजको पुनर्संरचनासँगै मिडियामा दलितहरूको प्रतिनिधित्व र उनीहरूको मुद्दाले न्याय पाउने गरी पुनर्संरचना हुन जरुरी छ ।

**धन्यवाद**
यस लेखको मस्यौदा अध्ययन गरी मलाई सुझाव दिने देवराज हुमागाईं र थुप्रै सूचनाहरू उपलब्ध गरी सहयोग पुऱ्याउने जागरण मिडिया सेन्टरलाई धेरै धेरै धन्यवाद । यस लेखमा भएका कमी कमजोरीहरूप्रति भने म मात्रै जिम्मेवार छु ।

## सन्दर्भ सामग्री

अन्नपूर्ण पोष्ट । २०६२क । दलित विद्यार्थी छुवाछूत प्रथाबाट पीडित । २६, फागुन, पृ. ७ ।

अन्नपूर्ण पोष्ट । २०६२ख । दलित बस्तीमा नाकाबन्दी, नून किन्न भारततिर । ५ कात्तिक, पृ. १ ।

अन्नपूर्ण पोष्ट । २०६२ग । छुवाछूत निगरानी केन्द्र उजुरीविहीन । २४ माघ, पृ. ३ ।

अर्याल, कुन्दन । २०५९ । छुवाछूतविरुद्ध सामाजिक अभियान र प्रेस । जागरण मिडिया सेन्टरले भैरहवामा आयोजना गरेको 'छुवाछूतविरुद्ध सामाजिक अभियान र प्रेस' विषयक गोष्ठीमा प्रस्तुत कार्यपत्र, १३ पुस ।

आहुति । सन् २००४ । हिन्दू समाजमा दलित जातीय मुक्तिको प्रश्न । *नेपालको सन्दर्भमा समाजशास्त्रीय चिन्तन* । मेरी डेसेन र प्रत्यूष वन्त, सं., पृ. ४७५-५२१ । ललितपुर: सोसल साइन्स बहाः ।

आहुति । २०६२ । हिन्दू सामन्तवादी राज्यको पुनर्संरचनाका सन्दर्भमा दलित सवाल । *नेपालको सन्दर्भमा राज्यको पुनर्संरचना* । सीताराम तामाङ, सं., पृ. ४२०-४७७ । काठमाडौँ: सामना प्रकाशन ।

कान्तिपुर । २०६२क । बालबालिकाले नै चलाए बालकक्षा । १४ मङ्सिर, पृ. १ ।

कान्तिपुर । २०६२ख । दलित किशोरी बलात्कृत । १७ फागुन, पृ. २ ।

कान्तिपुर । २०६२ग । तीनधारामा दलित राख्न आदेश । ७ माघ, पृ. २ ।

कान्तिपुर । २०६२घ । विद्यार्थी यातनाविरुद्ध मुद्दा । २ चैत, पृ. ४ ।

गोरखापत्र । २०६२ । छिन्चुमा विद्यार्थीको रहस्यमय मृत्यु । ५ असार, पृ. १२ ।

गौतम, दीपा । २०६२ । त्यसै त महिला त्यसमाथि... । *राजधानी*, ९ मङ्सिर, पृ. ८ ।

जागरण मिडिया सेन्टर । २०६१क । सञ्चार निगरानी प्रतिवेदन (वैशाख-असोज), जागरण मिडिया सेन्टर ।

जागरण मिडिया सेन्टर । २०६१ख । सञ्चार निगरानी प्रतिवेदन (कार्तिक-चैत), जागरण मिडिया सेन्टर ।

जागरण मिडिया सेन्टर । २०६२क । सञ्चार निगरानी प्रतिवेदन (वैशाख-असोज), जागरण मिडिया सेन्टर ।

जागरण मिडिया सेन्टर । २०६२ख । सञ्चार निगरानी प्रतिवेदन (कार्तिक-चैत), जागरण मिडिया सेन्टर ।

त्रिपाठी, विनोद । २०६२ । दलित आन्दोलनले बिर्सेको कुरा । *कान्तिपुर*, ६ साउन, पृ. ७ ।

त्रिपाठी, हृदयेश । २०६२ । मधेसी समस्या र राज्यको पुनर्संरचना । *कान्तिपुर,* ९ फागुन, पृ. ६ ।

नेपाल समाचारपत्र । २०६२क । चमार बस्तीमा नाकाबन्दी कायमै । ६ कात्तिक, पृ. ७ ।

नेपाल समाचारपत्र । २०६२ख । दलितको पीडा बुझ्न जाने अधिकारकर्मीमाथि कुटपिट । २१ फागुन, पृ. २ ।

पराजुली, शेखर र भास्कर गौतम । २०५८ । प्रिन्ट मिडियामा दलित र जनजाति सहभागिताः राष्ट्रिय सर्वेक्षण । *नेपाली मिडियामा दलित तथा जनजाति* । प्रत्यूष वन्त र शेखर पराजुली, सं., पृ. २१-५६ ।  काठमाडौँः एकता बुक्स ।

पहाडी, विनोद । २०६३ । सामाजिक न्यायका लागि छुवाछूत उन्मुलनमा आमसञ्चारको भूमिका । ल्यान्काउ नेपालले आयोजना गरेको ‘सामाजिक न्यायका लागि छुवाछूत उन्मूलनमा आमसञ्चारको भूमिका’ विषयक गोष्ठीमा प्रस्तुत कार्यपत्र, ३१ साउन ।

बराली, रणेन्द्र । २०६२ । दलित नेताको अवसान । *कान्तिपुर,* १० भदौ, पृ. १० ।

भट्ट, प्रमोद । २०५८ । छापामा दलितका समाचारः विषयवस्तु विश्लेषण । *नेपाली मिडियामा दलित तथा जनजाति* । प्रत्यूष वन्त र शेखर पराजुली, सं., पृ. ५७-६८ । काठमाडौँः एकता बुक्स ।

राजधानी । २०६२क । छात्रवृत्ति अनियमितता । ७ साउन, पृ. ३ ।

राजधानी । २०६२ख । दलितको कोटामा गैरदलित नियुक्त । २६ फागुन, पृ. २ ।

राजधानी । २०६३ । दलित युवा युवतीका लागि पत्रकारिता तालिम । २८ वैशाख, पृ. ३ ।

राणा, वन्दना, ज्ञानु पाण्डे, हरिकला अधिकारी, दीपा गौतम र कृष्ण भट्टचन । २०६२ । *सञ्चारकर्मी महिलाको अवस्था* । काठमाडौँः सञ्चारिका समूह नेपाल ।

लाल, सीके । २०५८ । प्रजातन्त्र, नेपाली मिडिया र जातीय प्रतिनिधित्व । *नेपाली मिडियामा दलित तथा जनजाति* । प्रत्यूष वन्त र शेखर पराजुली, सं. पृ. १७-२० । काठमाडौँः एकता बुक्स ।

वन्त, प्रत्यूष । सन् २००४ । मिडिया र उदार प्रजातन्त्र । *नेपालको सन्दर्भमा समाजशास्त्रीय चिन्तन* । मेरी डेसेन र प्रत्यूष वन्त, सं., पृ. ५७५-५९६ । ललितपुरः सोसल साइन्स बहाः ।

विश्वकर्मा, जेवी । २०६२ । छापामा दलित सवाल औपचारिकता मात्रै । *जागरण लेखमाला* ३(१४, फागुन-चैत): २-३ ।

विश्वकर्मा, पद्मलाल । २०६२ । जातीय विभेद उन्मूलनको सन्दर्भ । *अन्नपूर्ण पोष्ट,* ८ चैत, पृ. ८ ।

हिमालय टाइम्स । २०६२क । राजनीतिक दलको नेतृत्व पहुँच कम । १९ साउन, पृ. ३ ।

हिमालय टाइम्स । २०६२ख । बाल श्रमिकमा दलितको जनसङ्ख्या उल्लेख्य । २९ चैत, पृ. ३ ।